नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# दूरसञ्चार प्राधिकरणका अध्यक्ष र सदस्य पदमा दरखास्तको लागि आवश्यक विवरण

**१. आवश्यक न्यूनतम योग्यता**

क. दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको नेपाली नागरिक।

ख. दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) बमोजिमको अध्यक्षको हकमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक/प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनी क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेको ।

ग. दूरसञ्चार ऐन, २०५३ को दफा ५ को उपदफा (१) बमोजिमको सदस्यको हकमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक वा प्रशासनिक क्षेत्रबाट (एकजना), बजार व्यवस्थापन क्षेत्रबाट (एकजना), लेखा तथा लेखापरीक्षण क्षेत्रबाट (एकजना) र कानूनी क्षेत्रबाट (एकजना) छनौट गरिनेछ । सोको लागि सम्बन्धित क्षेत्रको मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उपाधि हासिल गरी कम्तिमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

घ. कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको ।

ङ. प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

**२. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

क. संलग्न ढाँचा बमोजिमको आवेदन र दरखास्त फाराम

ख. नेपाली नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि

ग. योग्यता समेत खुल्ने व्यक्तिगत विवरण (Bio data)

घ. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षता प्रमाणपत्र समेत)

ङ. अनुभवको अवधि समेत खुल्ने कागजातको प्रतिलिपी

च. नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size कागजमा तयार गरिएको ३००० देखि ५००० शब्दको शिलबन्दी व्यावसायिक कार्ययोजना

*नोटः **Cover Page** मा आफ्नो नाम लेखिएको र अन्यत्र कहीं आफूलाई चिनाउने कुनै सङ्केत हुन नहुने।*

छ. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो

ज. तोकिए बमोजिम स्वघोषणा फाराम

** शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रमा स्वयंले हस्ताक्षरसहित प्रमाणित गरेको हुनुपर्नेछ।*

**३. संलग्न ढाँचा बमोजिगको आवेदन र दरखास्त फाराम**

**४. संलग्न ढाँचा बमोजिमको स्वघोषणा**

**५. दरखास्त पेश गर्ने स्थानः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरबार ।**

**नोटः** थप जानकारी आवश्यक परेमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (sansthan.mocit@gmail.com ph. 4211979) मा सम्पर्क गर्न सकिनेछ । रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन । दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति : .....................

**श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

विषयः **दरखास्त पेश गरेको ।**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८३/०१/२६ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम बैयक्तिक विवरण सहित ...................................पदको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु।

हस्ताक्षर :

नाम, थर :

सम्पर्क नम्बर :

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# दरखास्त फाराम

फोटो

## क. बैयक्तिक विवरण

१. उम्मेद्वारको नाम थर

नेपालीमा :

अङ्ग्रेजीमा :

२. जन्म मिति

वि.सं. : ई.स. :

३. स्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ..................... पालिका : ..................................... वडा नं......

४. अस्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ..................... पालिका : ..................................... वडा नं......

५. नागरिकताको प्रमाणपत्र नं. :.............................................. जारी जिल्ला र मिति :.......................................

६. पति/पत्निको नाम :

७. बाबु/आमाको नाम :

८. बाजेको नाम:

९. स्थायी लेखा नम्बर:

१०. सम्पर्क नम्बर :

११. इमेल ठेगाना :

## ख. शैक्षिक योग्यताको विवरण

| क्र.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ग. अनुभवको विवरण

| क्र.सं. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## घ. संलग्न कागजातहरु :

१.
२.
३.
४.
५.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. **नाम, थर (नेपालीमा):**
**Name (In English):**
२. **जन्म मितिः वि.सं.:** **इ.सं.:**
३. **स्थायी ठेगाना:**
**अस्थायी ठेगाना:**
४. **नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:**
**जारी मिति र जिल्ला:**
५. **सम्पर्क नं.:**
६. **इमेल:**
७. **शैक्षिक योग्यता:**
८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।
९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आवद्ध छैन।
१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।
११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।
१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।
१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।
१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।
१५. नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको।

**मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।**

**स्वघोषणा गर्ने व्यक्तिको -**

**दस्तखत:**

दायाँ बायाँ

**मिति :**

**स्वघोषणा गराउने अधिकृतको-**
(सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको)

**दस्तखत:**

**नाम, थर:**

**पद:**

**कार्यालय:**